# डुङ्गेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, दैलेख
# विनियोजन ऐन, २०८१

गाउँपालिकाः **डुङ्गेश्वर**

जिल्लाः **दैलेख**

प्रदेशः **कर्णाली, नेपाल**

गाउँसभाबाट स्वीकृत मितिः २०८१।०३।१०

प्रमाणिकरण मितिः२०८१।०३।२६

प्रमाणिकरण गर्नेको दस्तखतः

# डुङ्गेश्वर गाउँपालिकाको विनियोजन बिधेयक-२०८१

डुङ्गेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक

सभाबाट स्वीकृत मितिः२०८१/०३/२६

**प्रस्तावनाः**

डुङ्गेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम डुङ्गेश्वर गाउँसभाले यो बिधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस बिधेयकको नाम "डुङ्गेश्वर गाउँपालिकाको विनियोजन बिधेयक- २०८१ रहेको छ ।

(२) यो बिधेयक तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४१ **,४१,७२,१७३ (एकचालीस करोड एकचालीस लाख बहत्तर हजार एक सय त्रिहत्तर)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**(१) यस बिधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त डुङ्गेश्वर गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

आज्ञाले

(मणिराम खराल)

प्रमखु प्रशासकीय अधिकृत